# २ प्रदेशको...

**विदेशबाट सिक्नेको लर्को**

आँखा उपचारमा ख्याति कमाएको हिमालय आँखा अस्पतालमा बर्सेनि इन्टर्नसिपमा आउने विदेशी थाक्लै हुन्छन् । बेल्जियम, नेदरल्यान्ड, बेलायत, अस्ट्रेलिया लगायत देशबाट बर्सेनि २५ जनाको हाराहारीमा इन्टर्नसिप गर्न आउने गरेका छन् । उनीहरूले नेपालमा देखिएको आँखाको समस्या र यहाँ अपनाइएको उपचार विधिबारे सिकेर फर्कने गरेको डा. महर्जनको भनाइ थियो ।

**सरकारी चासो कम**

आँखा उपचारमा नेपालको सरकारले त्यति धेरो लगानी गरेको छ । नेपालमा पहिलो आँखा अस्पताल खोल्ने देखि आँखाभित्र 'इन्ट्राअकुलर लेन्स' राखेर मोतीबिन्दुको शल्यक्रियामा क्रान्ति ल्याउने काम गैरसरकारी क्षेत्रको अगुवाइमा भएको छ ।

केही सरकारी अस्पतालका शाखामा सीमित आँखा उपचार सेवालाई देशव्यापी बनाउने, दक्ष जनशक्ति तयार पार्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गरी तिनलाई आँखा उपचारमा लगाउने काम नेपाल नेत्रज्योति संघको पहलमा भएको हो ।

आँखा शिविरमार्फत् देशव्यापी उपचार पुऱ्याउने कामको सुरुआत पनि संघले नै गऱ्यो । नेत्रज्योति संघ कास्कीका अध्यक्ष डा. दिलबहादुर क्षेत्री भन्छन्, 'संघको सपोर्ट र अस्पतालहरूको आफ्नै मेहनतले आँखा उपचारमा यो क्रान्ति आएको छ । अब यसमा सरकारी सहयोगको जरुरी छ ।

सरकारको सहयोग नभएपछि हस्तक्षेप समेत



कम हुँदा अब अस्पतालको सेवा चुस्त र प्रभावकारी छ । नेपालमा आँखा उपचारका अगुवा चिकित्सक डा. रामप्रसाद पोखरेलको भनाइमा सरकारी भूमिका कम हुँदा गैरसरकारी संस्थाहरूले स्वतन्त्र रूपले काम गर्न पाएका छन्, त्यसैले काम प्रभावकारी भएको छ ।

**आँखा बैंक**

लायन्स क्लबसँगको सहकार्यमा पोखरामा ५ वर्षअघि आँखा बैंक सञ्चालनमा आएको छ । आँखादानका लागि हालसम्म ५ हजारजतिले आवेदन दिएका छन् । मृत्युपश्चात आँखाको नानीमा रहने पातलो झिल्लीदान गरिने कार्यलाई आँखा दान भनिन्छ । जीवितै हुँदा आँखा दानको इच्छापत्र भरेर आँखा दानको घोषणा गरी मृत्युपछि मात्रै आँखा दान गरिन्छ । दृष्टिविहीनहरूले आँखा देख्न पाउने एकमात्र उपाय आँखादान नै हो । एकजना व्यक्तिले दिएको आँखा दान २ जना दृष्टिविहीनलाई प्रत्यारोपण गर्न सकिने डा. महर्जन बताउँछन् ।

नेपालमा २०५१ भदौ १० गतेबाट कर्निया प्रत्यारोपण सुरु भएको हो । आँखा बैंकसमेत ऐलो तिलगंगा आँखा अस्पतालले यो कामको सुरुवात गरेको हो । अहिले विराटनगरदेखि कैलालीसम्म ५ स्थानमा कर्निया कलेक्सन सेन्टर सञ्चालित छन् । २०६६ साल चैत ४ गतेबाट हिमालय आँखा अस्पतालमा सञ्चालित केन्द्रले हालसम्म २५ वटा कर्निया संकलन गरी काठमाडौं पठाएको छ । पोखरामा प्रत्यारोपणको सुविधा भए पनि संकलित कर्नियाको प्रोसेसिङ काठमाडौंमै हुने भएकाले त्यहीं पठाउने गरिएको छ ।

आँखा प्रत्यारोपण ३ किसिमले गरिन्छ । पहिलो त एउटा आँखा देख्ने बनाउन कर्निया प्रत्यारोपण गरिन्छ । दोस्रो, फुलो परेको आँखा वा आँखालाई राम्रो देखाउन र तेस्रो, अनुसन्धानका लागि प्रत्यारोपण गरिन्छ । नेपालमा पूर्व प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारी, कम्युनिस्ट नेता निर्मल लामा, कवि केदारमान व्यथित, कलाकार शान्ति मास्के, मीरा आचार्य लगायतले आँखादान गरेका थिए । उनीहरूको भौतिक शरीर अहिले नभए पनि उनीहरूले दान गरेका आँखाका कारण दृष्टिविहीनले संसार देख्न पाएका छन् ।




# गृहमन्त्रीलाई स्काइप...



। अहिले ती ३ अञ्चल प्रदेश
नी प्रदेश हुन् । विसं २०३५/३६
अन्धोपन सर्वेक्षण गरियो । उक्त
नसंख्याको शून्य दशमलव ८४
रहेको तथ्यांक देखायो । तीमध्ये
दृष्टिविहीन ग्रामीण भेगमा बस्ने
लाई मुलुककै मुख्य जनस्वास्थ्य
सर्वेक्षणले चित्रण गरेको थियो ।
धानी केन्द्रित आँखा उपचार सेवा
मा सार्वजनिक भएलगत्तै राजधानी
न थालियो ।

ोपन कम गर्न सरकारी प्रयास
खेर त्यतिबेला विदेशी गैरसरकारी
न थाले । हिमाली भेगमा आँखा
नभ रुपमा पुऱ्याउने र आँखाका
न गर्ने उद्देश्यले फाउन्डेसन आइ
ल्यान्डको सहयोगमा हिमालय
लेको हो । नेपाल नेत्रज्योति संघ
डा दिलबहादुर क्षेत्री भन्छन्, '
रफरल केन्द्रका रुपमा विकसित
नि अत्याधुनिक उपकरण थप्ने
हामीलाई गर्व छ ।' तिब्बती
गर्दै आएको ६० रोपनी जग्गा
का नाममा खरिद गरी आवश्यक
४९ फागुन १८ गते तत्कालीन
य आँखा अस्पताल उद्घाटन

हिमालय आँखा अस्पतालले
र्ति २६ लाख जनाको आँखा
तीमध्ये ६ लाख जनाको त

अस्पतालले आँखा उपचारका लागि मात्र हैन दक्ष जनशक्ति उत्पादनका लागि समेत प्रसिद्धी कमाएको छ । नेपालको आँखा उपचार सेवालाई प्रभावकारी बनाउन हालसम्म १ सय ४४ नेत्र सहायक यहाँबाट उत्पादन भइसकेका छन् । एसइई तह उत्तीर्ण

## सेवामा इसिएफ



**माइके भान विन**
फन्ड राइजिङ विभाग प्रमुख
आइकेयर फाउन्डेसन नेदरल्यान्ड

हिमालय आँखा अस्पताललाई सहयोग गर्दै आएको नेदरल्यान्डको गैरसरकारी संस्था आईकेयर फाउन्डेसन यो अस्पतालको संस्थापकमध्येको एक हो । यो संस्थाले नेपालका अलावा कम्बोडिया, भियतनाम, लाओस्, तान्जनिया, जाम्बिया र रुवान्डामा पनि सहायता गर्दै आएको छ । इसिएफले भौतिक पूर्वाधार, उपकरण र तालिम लगायतमा सहयोग पुऱ्याउने गरेको छ ।

गरेकाहरूलाई छनोटको आधारमा बर्सेनि ४० जनाको दरले ३ वर्षे कोर्ष अस्पतालले सञ्चालन गरेको छ । सिटिइभिटीको सम्बन्धनमा सञ्चालित यो कोर्ष पूरा नगर्दै राम्रो जागिरको अफर आउने सुनाउँछन् डा. महर्जन । उनले भने, 'कुनै पनि मेडिकल सेक्टरमा आई एक्स्पोजर दिनुपर्ने हाम्रै अस्पतालमा आउँछन् ।'





हिमालयन आँखा अस्पतालको २५ औँ वार्षिकोत्सवमा उपस्थित प्रदेश ४ का मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ र आइकेयर फाउन्डेसनका प्रमुख आर्थर भान प्राग। तस्बिर: देशसञ्चार

काठमाडौँ- पच्चीस वर्षअघि पोखरामा स्थापना भएको हिमालयन आँखा अस्पतालले बिहीबार रजत जयन्ती मनाएको छ। उक्त अवसरमा अस्पतालको नवनिर्मित भवनको प्रदेश ४ का मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले उद्घाटन गरेका थिए।

२५ औँ वार्षिकोत्सवका अवसरमा आइकेयर फाउन्डेसनले करिब ६० लाख रुपैयाँ मूल्यबराबरको आँखा उपचारसम्बन्धी उपकरण हिमालयन आँखा अस्पताललाई प्रदान गरेको संस्थासँग सम्बद्ध अनिल गोर्खालीले जानकारी दिए।

उक्त अवसरमा हिमालयन आँखा अस्पतालले बिहान आँखा उपचारसम्बन्धी जनचेतना ऱ्यालीसमेत गरेको थियो।

नेदरल्यान्ड्सको एनजिओ आइकेयर फाउन्डेसनले मार्च १, १९९३ मा हिमालयन आँखा अस्पतालको स्थापना गरिदिएको हो।

आइकेयर फाउन्डेसनले दक्षिणपूर्वी एसियामा आँखा उपचारका गतिविधिलाई प्रोत्साहित गर्छ।

आइकेयर फाउन्डेसनकी फन्ड राइजिङ विभाग प्रमुख माइका भ्यान भीनले हिमालयन आँखा अस्पतालको सफलताको कामना गरेकी छन्। 'हामी

नेपालको अन्धोपनासँग जुध्न हिमालयन आँखा अस्पतालसँग भविष्यमा पनि सहकार्यको आशा गर्दछौँ।' कार्यक्रममा आइकेयर फाउन्डेसनका प्रमुख अर्थर भान प्राग पनि उपस्थित थिए।



आइकेयर फाउन्डेसनकी फन्ड राइजिङ विभाग प्रमुख माइका भ्यान भीन। तस्बिर: देशसञ्चार

फाल्गुन १७, २०७४ मा प्रकाशित